8/5/2020 notice of prasa.jpg

# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प. सं. : २०७७/७८
च. नं. :

चवराचौतारा, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्वन्धी सुचना ।

**(प्रथम पटक प्रकाशित मिति :- २०७७।०४।२१)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७७।७८ च.नं. २३ को मिति २०७७।०४।१२ गते प्राप्त पत्रानुसार यस गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१।२०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**
(क) सिभिल इन्जिनियरिङ्मा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको ।
(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
- ➢ कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको ।
- ➢ पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्वन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने स्थान** : बोगटान फुड्सिल गाउँपालिका, गाउंकार्यपालिकाको कार्यालय, चवराचौतारा, डोटी
३. **दरखास्त दिने अन्तिम मिति** : २०७७।०५।०३
४. **आवेदन दस्तुर** : रू. ४००
५. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा
६. **आवेदन साथ संलग्न कागजातहरू** : आवेदनक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपीहरू
- ➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- ➢ न्युनतम योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- ➢ चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
- ➢ तोकिएको कम्प्युटर सीप र अनुभव खुल्ने कागजातको प्रतिलिपी
- ➢ २ प्रति पासपोर्ट साईजको फोटो

७. **सेवा सुविधा** : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्वन्धी प्रकृयाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रकृयाको दफा (६) बमोजिम हुनेछ ।

***नोट*** *: आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण बोगटान फुड्सिल गाउँपालिकाको वेवसाईट www.bogatanmun.gov.np र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा उपलब्ध छ ।*

शंकर सुचिकार
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष ☎९८६८५६९६९७, उपाध्यक्ष ☎९८६९५०९५८०, प्रमुख प्रशासकीय अधिकृत ☎९८४८४७५५९२ सुचना अधिकारी ☎९८५८४७७०७६
ईमेल :icto.bogatanmun@gmail.com / info@bogatanmun.gov.np वेवसाइट :www.bogatanmun.gov.np

https://mail.google.com/mail/u/0/#inbox/FMfcgxwJXLcXTJqQVPwsBGSzTXVGHDnD?projector=1&messagePartId=0.1 1/1